आज मिति २०८२ साल जेठ ९ गते भीरकोट नगरपालिकाका नगर प्रमुख श्री गोविन्दकुमार कर्माचार्यज्यूको अध्यक्षतामा बसेको १२७ औं नगर कार्यपालिका बैठकको उपस्थिति निम्नानुसार छ ।

उपस्थिती

| नामथर | पद | दस्तखत |
|---|---|---|
| श्री गोविन्द कुमार कर्माचार्य | नगर प्रमुख | |
| श्री भगवती रेग्मी अर्याल | नगर उपप्रमुख | |
| श्री दिपेन्द्र के.सी. | वडा अध्यक्ष वडा नं. १ | |
| श्री श्यामकाजी अधिकारी | वडा अध्यक्ष वडा नं. २ | |
| श्री केशर बहादुर खड्का | वडा अध्यक्ष वडा नं. ३ | |
| श्री रत्न प्रकाश श्रेष्ठ | वडा अध्यक्ष वडा नं. ४ | |
| श्री कृष्ण बहादुर थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| श्री लक्ष्मण खत्री क्षेत्री | वडा अध्यक्ष वडा नं. ६ | |
| श्री तारा प्रसाद अर्याल | वडा अध्यक्ष वडा नं. ७ | |
| श्री नन्दलाल खनाल | वडा अध्यक्ष वडा नं. ८ | |
| श्री चित्र बहादुर राना भुजेल | कार्यपालिका सदस्य | |
| श्री गंगा बहादुर जि. टी. | कार्यपलिका सदस्य | |
| श्री विष्णु माझी | कार्यपलिका सदस्य | |
| श्री बिन्दु खड्का | कार्यपलिका सदस्य | |
| श्री एकमाया घर्ती थापा | कार्यपलिका सदस्य | |
| श्री पार्वती के.सी. | कार्यपलिका सदस्य | |
| श्री ओम कुमारी कोइराला | कार्यपलिका सदस्य | |
| श्री खैसरा वि.क. | कार्यपलिका सदस्य | |
| श्री उदयबहादुर पराजुली | प्रमुख प्रशासकीय अधिकृत | |

# १२७ औ कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं १

यस नगरपालिकामा कार्यरत कर्मचारीहरुको स्थानीय सेवा ऐन, २०७९ र नियमावली, २०८० बमोजिम निश्चित सेवा अवधी पुरा भएका र कार्य सम्पादन मूल्याङ्कनमा तोकिएका अंक प्राप्त भई माथिल्लो तहमा बढुवा हुनुभएका तपसिलका कर्मचारीहरुको बढुवा अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल

| क.स. | नामथर | साविक पद/तह | तहवृद्धी भएको पद/तह | लागू मिति | कैफियत |
|---|---|---|---|---|---|
| १. | सुनिता खनाल | प्रशासन सहायक / पाँचौ | सहायक प्रशासकीय अधिकृत / छैठौं | २०८१/१०/०१ | |
| २. | श्याम बहादुर रोकाहा | आ.ले.प. / पाँचौ | सहायक आ.ले.प अधिकृत / छैठौं | २०८१/१०/०१ | |
| ३. | भेष बहादुर राना | प्रशासन सहायक/ पाँचौ | सहायक प्रशासकीय अधिकृत/ छैठौं | २०८१/०४/०१ | |

निर्णय नं २

गण्डकी प्रदेश लोक सेवा आयोग, पोखरा कार्यालयबाट यस नगरपालिका कार्यालयमा सिफारिस भई नियुक्ति लिनुभएका तपसिल बमोजिमका अधिकृत कर्मचारीहरुको नियुक्ती अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल

| क.स. | नामथर | पद/तह | सेवा/समुह/उपसमूह | कैफियत |
|---|---|---|---|---|
| १. | श्रवण कुमार विष्ट | कृषि अधिकृत सातौं | कृषि/कृषि | |
| २. | अमृत भण्डारी | पशु विकास अधिकृत सातौं | कृषि/ ला.पो.डे.डें. | |

निर्णय नं ३

भीरकोट नगरपालिकाको स्थानीय वन ऐन, २०८२ र करार सेवामा पदपूर्ति गर्नुपर्ने कर्मचारीहरुको पदपूर्ति, सेवा सुविधा सम्बन्धी कार्यविधि, २०८२ आवश्यक छलफलका लागि विधान समितिमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ४

भीरकोट नगरपालिका वडा नं १ मा रहेको नगरपालिकाको स्वामित्वमा रहेको कित्ता नं ५९२ को जग्गामा बनेको भवन संरचनाको २ कोठा श्री दहथुम सहकारी संस्था लिमिटेड, भीरकोट १ वयरघारीलाई वार्षिक भाडा रु. ५०००/- (पाँच हजार रुपैंया मात्र) मा भाडामा दिने निर्णय गरियो ।

उदयबहादुर पराजुली
प्रमुख प्रशासकीय अधिकृत

गोविन्द कुमार कर्माचार्य
नगर प्रमुख

गोविन्द कुमार कर्माचार्य
नगर प्रमुख

**निर्णय नं ५**

आगामी आ.व. २०८२/८३ को बार्षिक वजेट तथा योजना तर्जुमा गर्नको लागि वडा कार्यालयहरुले वस्तीस्तरबाट योजना संकलन गरी वडा समितिबाट छलफल तथा निर्णय गरी यथासक्य नगरपालिकामा पेश गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं ६**

चालू आ.व. २०८१/८२ मा महिला संग उपमेयर कार्यक्रम अन्तर्गत संचालन गर्ने गरी विनियोजित गरिएका तपसिल बमोजिमका कार्यक्रमहरुको खर्च रकम अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल

| क स | योजनाको नाम | बजेट रकम | कैफियत |
|---|---|---|---|
| १ | २०८१ सालको एस इ ई परिक्षामा सम्मिलित भएका छात्राहरु मध्ये गरिव एवं जेहन्दार मध्येबाट कम्तिमा ४० जनालाई आधारभुत कम्प्युटर तालिम | २,००,०००। | |
| २ | वडा सदस्यहरुको अध्ययन अवलोकन भ्रमण | ४,००,०००। | |
| ३ | अमोर सेवा नेपाल बालगृह खाद्यन्न सहयोग | १,००,०००। | |
| ४ | सृजनशिल कालिका आमा समुह वडा नं.०७ | १,२०,०००। | |
| ५ | मादल बजाउने सिप सिकाउने तालिम | १,००,०००। | |
| ६ | सकारात्मक सोच सम्बन्धि तालिम | २,००,०००। | |
| ७ | उपप्रमुख ज्युबाट प्रस्ताव र सिफारिस भएका कार्यक्रमहरु | १,३०,०००। | |
| ८ | श्री नवयुग भीरकोट संस्था, स्याङ्जा | ५०,०००। | |
| | जम्मा | १३,००,०००। | |

**निर्णय नं ७**

चालू आ.व. २०८१/८२ को वर्षातको समयमा भएका बाढी पहिरो लगायतका प्राकृतिक विपत्तिबाट मानविय क्षति भएका तपसिलका परिवारहरुलाई क्षतिपूर्ति सहायताबापत रु १/१ लाखका दरले भुक्तानी दिने निर्णय गरियो ।

तपसिल

| क स | नामथर | ठेगाना | भुक्तानी लिने व्यक्तिको नाम थर/नाता |
|---|---|---|---|
| १ | सुरेश श्रेष्ठ | भीरकोट न.पा. ०४ | सम्झना श्रेष्ठ/श्रीमति |
| २ | खेम कुमारी मल्ल | भीरकोट न.पा. ०५ | कामना मल्ल/बुहारी |

**निर्णय नं ८**

भीरकोट नगरपालिकालाई व्यक्तिगत घटना पूर्णता भएको स्थानीय तह घोषणा गर्नका लागि मिति २०८२/०२/०६ गते अनुगमन मुल्याङ्कन तथा सिफारिस समिति गठन भई उक्त समितिले व्यक्तिगत घटना दर्ताको पूर्णता मापन कार्यविधि, २०८१ को दफा ३ को खण्ड क बमोजिम व्यक्तिगत घटना दर्ताको तथ्याङ्क विश्लेषण खण्ड ख बमोजिम जन्म र मृत्यु दर्ताको गणना विधि प्रयोग गरी सोको प्रतिवेदन

उदयबहादुर पराजुली
प्रमुख प्रशासकीय अधिकृत

गोविन्द कुमार कर्माचार्य
नगर प्रमुख

गोविन्द कुमार कर्माचार्य
नगर प्रमुख

बैठकमा पेश हुन आएको हुँदा सो प्रतिवेदन अनुमोदन गरी यस नगरपालिकालाई घटना दर्ता पूर्णता घोषणामा सहमति प्रदान गर्नका लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागमा पठाउने निर्णय गरियो।

**निर्णय नं ९**

चालु आर्थिक वर्ष २०८१/८२ को वडा कार्यालय देउराली चोक कोखे सडक पि.सि.सि. ढलान वडा नं. ०३ को लागि रु ३० लाख रकम विनियोजन भएकोमा सोको नियमानुसार ठेक्का बन्दोबस्त भई निर्माण कार्य सम्पन्न भएकोमा ठेक्काबाट घटी कबोल भई बाँकि रहेको रकम रु ३,२५,०००। वडा नं. ०३ को देउरालि राजिखोला सडक अन्तर्गत किसिमखोलामा कजवे निर्माण गर्न आवश्यक भई ल.ई. अनुसार उक्त कजवे निर्माण सम्पन्न भएकाले बाँकि रहेको रकम रु.३,२५,०००/ भुक्तानी गर्ने गरी योजना अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं १०**

चालू आ.व. २०८१/८२ को हालसम्मको अवधिमा नगर प्रमुखको तोक आदेशमा भएका तपसिल बमोजिमका खर्च रकमहरु अनुमोदन गर्ने निर्णय गरियो ।

| सि.न. | योजना/कार्यक्रमको नाम | विनियोजित रकम | भुक्तानी हुने शिर्षक |
|---|---|---|---|
| १. | खिलुङ गौरी बाखापालन फर्म, भीरकोट न.पा. ७ | विल बमोजिम ५०% रकम | संघीय विशेष अनुदान-एकिकृत कृषि विकास कार्यक्रम(व्यवसायिक कृषक प्रोत्साहन अनुदान) |
| २. | जलदेवी युवा क्लब भलिबल प्रतियोगिता भीरकोट न.पा. ३ | ३५००० | युवा तथा खेलकुद कार्यक्रम |
| ३. | आँधिखोला सहकारी संस्था लि. | ७५००० | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन |
| ४. | शिव मन्दिर भीरकोट न.पा. ३ | ५०००० | धार्मिक तथा साँस्कृतिक क्षेत्र मर्मत सम्भार |
| ५. | भीरकोट कालिका बडमौला मन्दिर भीरकोट न.पा. ५ | ५०००० | धार्मिक तथा साँस्कृतिक क्षेत्र मर्मत सम्भार |
| ६. | स्वरेककोट कालिका भैरव मन्दिर भीरकोट न.पा. ५ | ५०००० | धार्मिक तथा साँस्कृतिक क्षेत्र मर्मत सम्भार |
| ७. | भीरकोट कालिका मन्दिर रङ रोगन न.पा. २ | ५०००० | धार्मिक तथा साँस्कृतिक क्षेत्र मर्मत सम्भार |
| ८. | बडारे खाद खेत कुलो निर्माण भीरकोट न.पा. १ | ३०००० | मेयर सम्बोधन कार्यक्रम |
| ९. | टाप बहादुर बि.क. बाजा मर्मत सामाग्री खरिद भीरकोट न.पा. २ | १०००० | विपन्न दलित अल्पसंख्यक उत्थान कार्यक्रम |
| १०. | सिमलचौर सिंचाइ योजना भीरकोट न.पा. ५ | १००००० | नगरक्षेत्र पूर्वाधार |

**उदयबहादुर पराजुली**
प्रमुख प्रशासकीय अधिकृत

गोविन्द कुमार कर्माचार्य
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| ११. | रिप गोरेटो बाटो निर्माण | ७०००० | नगरक्षेत्र पूर्वाधार |

निर्णय नं ११

चालू आ.व. २०८१/८२ को राष्ट्रपति रनिङ सिल्ड कार्यक्रम संचालन गर्नको लागि आवश्यक बजेट रकम बजेट युवा तथा खेलकुद बजेट शिर्षकबाट व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं १२

यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालय समायोजन कार्यविधि, २०८१ बमोजिम तोकिएको मापदण्ड पुरा नभएका विद्यालयहरुको समायोजन, कक्षा थप, कक्षा घट तथा तह घट आदिका विषयमा अध्ययन प्रतिवेदन पेश गर्ने प्रयोजनको लागि कार्यदल गठन गर्ने निर्णय गरियो ।

निर्णय नं १३

भीरकोट नगरपालिका बाट संचालित वहुवर्षीय योजना सानो खोल्सा लिफ्टिङ खानेपानी आयोजना सम्पन्न गर्नको लागि आवश्यक पर्ने बजेट रकम रु. २,५०,०००।- बजेट व्यवस्था गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं १४

आर्थिक वर्ष ०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम टिप्पर खरिद शिर्षकमा रु ५० लाख विनियोजन भएकोमा यस पालिकालाइ आवश्यक ७.५ घ.मि. बराबरको टिप्परको बजार मुल्य न्युनतम रु ५१ लाख ४३ हजार पर्ने बुझिएको हुँदा उपयुक्त शिर्षकबाट रु १ लाख ४३ हजार बराबरको स्रोत सुनिश्चितता गरी टिप्पर खरिदको लागि आवश्यक specification र लागत अनुमान तयार गर्न हेभि इक्विपमेन्ट डिभिजन पोखरालाइ पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं १५

चालू आ.व. २०८१/८२ को बार्षिक बजेट तथो कायक्रममा विनियोजन भएका तपसिल बमोजिमका योजनाहरुको बजेट रकमान्तर/थपघट गर्ने निर्णय गरियो ।

उदयबहादुर पराजुली
प्रमुख प्रशासकीय अधिकृत

गोविन्द कुमार कर्माचार्य
नगर प्रमुख

निर्णय नं १६

जिल्ला प्रशासन कार्यालय स्याङ्जाको मिति २०८१/१२/०३, च.नं. ४०५६ पत्रानुसार जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०८१/१०/२४ गतेको निर्णयानुसार आगामी वर्षादको समयमा हुने बाढी पहिरो लगायतका विपद्जन्य प्रकोपको पूर्वतयारी तथा व्यवस्थापन साथै उद्धार सामाग्री खरिद तथा वितरण प्रयोजनका लागि प्रत्येक स्थानीय तहले भुक्तानी दिने भनी भएको निर्णय बमोजिम यस नगरपालिकाले रु. ५५००००/- दैवि प्रकोप तथा विपद् व्यवस्थापन बजेट शिर्षकबाट जिल्ला प्रशासन कार्यालयको सोही पत्र बमोजिम पुतलीबजार नगरपालिकाको विविध खातामा भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं १७

भीरकोट नगरपालिकाबाट फरक क्षमता भएका नागरिक उत्थान कार्यक्रम शिर्षकबाट भीरकोट नगर अपाङ्ग समाजबाट १८ वटा मौरी सहितको घार वितरण गरिएकोमा सो बापत रु. १,७७,२५०/- रकम फरक क्षमता भएका नागरिक उत्थान कार्यक्रम शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।